प्रदेश सरकार
प्रदेश नं.-२
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय

**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय**

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

जलेश्वर,महोत्तरी

## प्रस्ताव आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७८।०६।०४**

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, महोत्तरीको आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेशमा खाने माछा उत्पादन वृद्धिको लागि नयाँ पोखरीको निर्माण कार्यक्रम अधिकतम ५० प्रतिशत लागत साझेदारीमा संचालन गर्न ईच्छुक नेपाली नागरिक, कृषक समूह, सहकारी, निजि फर्म तथा संस्थाहरुले तपशिलका कार्यक्रमको लागि देहायका कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ औं दिन (मिति २०७८/०६/१८) सम्म कार्यालय समयभित्र सिलबन्दी आवेदन/प्रस्ताव पेश गर्न आह्वान गरीन्छ। रित नपुगेको वा म्याद नाघी प्राप्त भएका प्रस्तावहरु छनौटमा समावेश गरिने छैन। विस्तृत जानकारीको लागि कार्यालयको फोन नं.०४४५२००७३, वा कार्यक्रम संयोजक जयनन्दन झा मो.नं.९८६५०१३५०० र ज्योत नारायण गिरीको मो.नं.९८१४८९५२२१ मा सम्पर्क गर्न सकिन्छ। साथै निवेदन तथा अन्य कागजातहरु यस विज्ञ केन्द्रको **website:-vhlsecmahottari.p2.gov.np** बाट डाउनलोड गर्न सकिन्छ।

| क्र.सं. | कार्यक्रमको नाम | ईकाई | जम्मा परिमाण | अधिकतम अनुदान रकम (नयाँ पोखरी निर्माण) |
|---|---|---|---|---|
| 1. | मत्स्य पालनको लागि नयाँ पोखरी निर्माण कार्यक्रम (सर्वसाधारणको लागि ९०%) | हेक्टर | २२.५ | रु. १५ हजार प्रति कट्ठा |
| 2. | मत्स्य पालनको लागि नयाँ पोखरी निर्माण कार्यक्रम (आरक्षित कोटा १०%) (सहिद/बेपत्ता/द्वन्द पिडित परिवार, दलित, अन्य लिङ्गी, भिन्न प्रकारले सक्षम, महिला, आदिवासी, जनजाती, विपन्न गरिब) | हेक्टर | २.५ | रु. १५ हजार प्रति कट्ठा |

**तपशिल अनुसारका संलग्न गर्नुपर्ने कागजातहरु :**

१. रु. १० को टिकट टाँस गरिएको फा.नं.२ अनुसारको आवेदन फाराम
२. फा.नं.३ अनुसारको संक्षिप्त कार्ययोजना। ३. फा.नं.३(क) अनुसारको विस्तृत लागत अनुमान।
४. व्यक्तिको हकमा निजको र दर्ता भएका समुह, सहकारी, निजी फर्म, संस्थाको हकमा प्रस्तावमा हस्ताक्षर गर्ने आधिकारीक व्यक्तिको नेपाली नागरीकताको प्रमाण पत्रको प्रतिलिपि
५. सहकारी, निजी फर्म, संस्थाको हकमा स्थायी लेखा नम्बर **(PAN)** प्रमाण पत्र र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र नियमित वार्षिक साधारण सभा/लेखापरिक्षण गराई कर चुक्ता गरेका संस्थाहरुको प्रमाणपत्रको प्रतिलिपि
६. प्रस्तावित मत्स्य पालन कार्यमा संलग्न हुने सगोलको परिवारका सदस्य तथा दर्ता भएका समूह, सहकारी, फर्म, संस्थाका हकमा सो कार्यमा संलग्न हुने सदस्यहरु/कर्मचारीहरुले प्राप्त गरेका तालिम र शैक्षिक योग्यताका प्रमाण पत्रका प्रतिलिपि
७. बुन्दा नं.६ अनुसार पेश गरिएका प्रमाणपत्रहरुसँग सम्वन्धित सदस्य/कर्मचारीहरुको नियुक्तिपत्र वा प्रमाणपत्रको प्रतिलिपिहरु
८. समुह/समिति/सहकारी/निजी फर्म/संस्थाको सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि र नविकरण भएको हुनुपर्ने
९. फा.नं. ............ बमोजिमको आवेदकको आधिकारीक प्रतिवद्धतापत्र
**१०. समुह/समिति/सहकारीको हकमा कार्यक्रम कार्यान्वयन प्रतिबद्धता सम्बन्धी (बैठक) निर्णयको प्रतिलिपि**
११. शहिद परिवार, अन्य लिङ्गी/भिन्न प्रकारले समक्ष व्यक्ति भए प्रमाण खुल्ने कागजात
१२. कार्यक्रम संचालन गर्नु पर्ने स्थानको जग्गाको स्वामित्व सम्बन्धी प्रमाणहरु
(क) जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि। (ख) अरुको नाममा दर्ता रहेको जग्गामा कार्यक्रम संचालन गरिने भएकोले कानुन बमोजिम प्रमाणित हुने सो कार्य संचालनको लागि कम्तिमा ५ वर्षको लागि मन्जुरीनामा वा करारपत्र (नोटरी पब्लिकबाट प्रमाणित) समेत। (ग) जग्गाधनी प्रमाणपुर्जा कायम नभएको सार्वजनिक जग्गा भए सम्वन्धित स्थानिय तह वा आधिकारीक सरकारी निकायको प्रमाण स्पष्ट हुने पत्रको प्रतिलिपि
१३. अन्य कागजातहरु : (१) ....................(२) ...............(३) ....................
१४. फा.नं.२ सहित खामबन्दी गरिएका कुल

**नोट :** पेश गरेका कागजातका पाना थान "अङ्क र अक्षर दुबैमा" सम्वन्धित खाली ठाउँमा लेख्नु पर्नेछ भने पेश नगरीएको कागजातको खाली ठाउँमा "छैन" लेख्नु पर्नेछ। आरक्षणमा भर्नेले खाम बाहिर पनि आरक्षण भनी उल्लेख गर्नुपर्ने छ र साथै खुलागा समेत भर्न पाईन्छ।

पुनश्चय: सुचना तथा निवेदन/प्रस्तावको ढाँचा यस कार्यालयको वेबसाईट (vhlsecmahottari.p2.gov.np) बाट डाउनलोड गर्न सकिनेछ।

**कार्यालय प्रमुख**

Scanned with CamScanner

प्रदेश सरकार

प्रदेश नं.-२

भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

जलेश्वर,महोत्तरी

# प्रस्ताव आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७८।०६।०४**

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, महोत्तरीको आ.व.२०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार विपन्न गरिब तथा समाजिक रुपमा पछाडी परेका साना कृषकहरुको लागि स्वरोजगार मुलक विशेष पशुपन्छी तथा मत्स्य पालन कार्यक्रम संचालन गर्न इच्छुक आवेदक, समुहले यो सुचना प्रकाशन भएको मितिले १५ औं दिन (मिति २०७८/०६/१८ गते) सम्म कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्न हुन आह्वान गरिन्छ। रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्ताव छनौटको लागि समावेश हुन नसक्ने व्यहोरा यसै सुचना द्वारा जानकारी गराईन्छ। तपशिल अनुसारका कागजातहरु संलग्न राखी सिलबन्दी आवेदन/प्रस्ताव पेश गर्न आह्वान गरिन्छ । यस सम्बन्धमा थप जानकारीको लागि कार्यालयको फोन नं.०४४५२००७३ वा कार्यक्रम संयोजक सुर्यदेव यादवको मो.नं.९८१९८२०८०४, ९८४४२६०२१३ मा सम्पर्क गर्न सकिन्छ । साथै निवेदन तथा अन्य कागजातहरु यस विज्ञ केन्द्रको **website:- vhlsecmahottari.p2.gov.np** बाट डाउनलोड गर्न सकिन्छ ।

**तपशिल :**

विपन्न गरिब तथा समाजिक रुपमा पछाडी परेका साना कृषकहरुको लागि स्वरोजगारमुलक विशेष पशुपन्छी तथा मत्स्य पालन कार्यक्रम

| क्र.सं. | कार्यक्रमको नाम | ईकाई | परिमाण | कार्यालयबाट अनुदान रकम | प्रस्ताव पेश गर्न सकिने सम्भावित साझेदारहरु | कार्यक्रम संचालन हुने स्थानीय तहहरु |
|---|---|---|---|---|---|---|
| १ | बाखा पालन कार्यक्रम | पैकेज | १ | १०० % | साना गरिव तथा विपन्न कृषक, दश कट्ठा भन्दा कम खेति योग्य जमिन भएको, कच्चि वा फुसको घर भएको | मटिहानी न.पा.-४, मझौरा विशुनपुर, मुसहर वस्ती |
| २ | बाखा पालन कार्यक्रम | पैकेज | १ | १०० % | | गौशाला न.पा.-६, फुलकाहा, मुसहर वस्ती |
| ३ | कुखुरा पालन कार्यक्रम | पैकेज | १ | १०० % | | महोत्तरी गा.पा.-६, गोनरपुरा मुस्लीम वस्ती |

**संलग्न हुनुपर्ने कागजातहरु :**

१. रु.१०।- को हुलाक टिकट टाँसेका फा.नं.२ अनुसारको आवेदन फारम
२. फार्म नं. ३ अनुसारको कार्ययोजना।
३. आवेदकको नेपालि नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
४. सम्बन्धीत स्थानिय तह/निकाय बाट विपन्न, गरीव तथा सामाजिक रुपमा पछाडी परेका सिमान्तकृत महिला, दलित, जनजाति, अपाङ्ग, मधेसी लगायत सिमान्तकृत वर्ग भनि स्थानिय तह वा अधिकारीक निकायबाट पहिचान खुल्ने कागजातहरु ।
५. सम्बन्धित निकायमा समूह दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि ।
६. समूहको बैठकको प्रतिलिपि ।
७. स्थाई लेखा नं. (PAN) प्रमाण पत्रको प्रतिलिपि ।
८. समुह संग आवद्ध सदस्यले प्राप्त गरेको अन्य प्रमाण पत्र (तालिम, शैक्षिक योग्यताका प्रमाण पत्रका प्रतिलिपिहरु) ।
९. प्रचलित कानूनले आयोग्य नठहरिएको ।
१०. आवेदकले कार्यक्रम सञ्चालनका लागि गोठ, खोर निर्माण/सुधार तथा घाँस व्यवस्थापन गर्न निजि जग्गा भए जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि वा सो नभए कार्यक्रम संचालन गर्ने स्थलको स्वामित्वको स्वघोषणा प्रतिबद्धता फा.न.३ मा उल्लेख गर्नु पर्ने ।
११. अन्य आवश्यक कागजातहरुको प्रतिलिपि ।

**कार्यालय प्रमुख**

Scanned with CamScanner

प्रदेश सरकार
प्रदेश नं.-२
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

जलेश्वर,महोत्तरी

## प्रस्ताव आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७८।०६।०४**

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, महोत्तरीको आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिलका कार्यक्रम सन्चालनका लागि कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ र पशुपन्छी र पशुपन्छी तथा मत्स्य व्यवसाय/बजार प्रवर्द्धन कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि २०७७ ले तोके बमोजिमका शर्तहरु पालना गरी साझेदारीमा कार्यक्रम संचालन गर्न इच्छुक आवेदकहरुबाट देहाय बमोजिमका कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०७८/०६/१८) सम्म यस विज्ञ केन्द्रमा कार्यालय समय भित्र सिलबन्दी प्रस्ताव दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। रित्त नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। थप जानकारीको लागि कार्यालयको फोन नं.०४४५२००७३ (सम्वन्धित शाखा) मा सम्पर्क राख्न सकिने छ।

| क्र.सं. | कार्यक्रमको नाम | संख्या | अधिकतम साझेदारी रकम (रु.) | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु | कार्यक्रम संयोजक र सम्पर्क फोन नं. |
|---|---|---|---|---|---|
| 1. | मासु पसल सुधार (अन्य सार्वजनिक निर्माण) | ५ | दुई लाखका दरले | स्थानिय तह तथा सम्वन्धित निकायमा दर्ता भएका माछा/मासु बिक्रि वितरण गर्ने सहकारी संस्था, माछा/मासु व्यवसायी र व्यवसायिक फार्महरु | अनिल प्रसाद गुप्ता (९८४५३८४७८९) |
| 2. | निजि, सार्वजनिक, सहकारी संघ संस्थाको साझेदारीमा दुध संकलन तथा चिस्यान केन्द्र स्थापनाको लागि अनुदान सहयोग (अन्य सार्वजनिक निर्माण) | १ | दस लाख | स्थानिय तह तथा सम्वन्धित निकायमा दर्ता भएका निजि व्यवसायी, व्यवसायी संघ संस्था, कृषक समुह समिति, व्यवसायिक फार्म संचालक, उद्यमी | |

**देहाय :**

१. रु. १० को टिकट टाँस गरी फा.नं.२ अनुसारको प्रस्ताव/आवेदन ।
२. आधिकारीक व्यक्तिको नेपाली नागरीकताको प्रमाण(पत्रको प्रतिलिपि ।
३. सम्वन्धित निकायमा दर्ता भएको दर्ता प्रमाण पत्रको प्रतिलिपि, स्थायी लेखा नम्वर (PAN) प्रमाणपत्रको प्रतिलिपि ।
४. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
५. तालिम, शैक्षिक योग्यताका प्रमाण(पत्रका प्रतिलिपिहरु ।
६. फा.नं.३ अनुसारको संक्षिप्त कार्ययोजना ।
७. व्यवसाय योजना बमोजिमको डिजाइन र लागत अनुमान ।
८. सहकारीको हकमा कार्यक्रम कार्यान्वयन प्रतिवद्धता सम्वन्धी आधिकारीक बैठकको निर्णय प्रतिलिपि ।
९. कार्यक्रम संचालन गर्नुपर्ने स्थानको जग्गाको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा जग्गाधनी प्रमाणपूर्जा समेत करार पत्र (नोटरी पब्लिकबाट प्रमाणित) वा जग्गाधनीको सक्कल मन्जुरीनामा (कम्तिमा ५ वर्ष अवधिको) समेत ।
१०. अन्य आवश्यक कागजातहरु :- आवेदकको मासु पसलको हालसालै खिचिएको रंगिन फोटो ।

**पुनश्चय:** सुचना तथा निवेदन/प्रस्तावको ढाँचा यस कार्यालयको वेबसाईट ( vhlsecmahottari.p2.gov.np) बाट डाउनलोड गर्न सकिनेछ ।

**कार्यालय प्रमुख**

Scanned with CamScanner